सरकारद्वारा "प्रतिबन्ध-परीक्षण घोषणा" साथै याउ मा ताई मा निर्दिष्ट "प्रतिबन्धित क्षेत्र" को सन्दर्भमा अनिवार्य परीक्षण सूचना जारी

*************************************************************************

रोग रोकथाम तथा नियन्त्रण (निश्चित व्यक्तिहरुको लागि अनिवार्य परीक्षण) नियमन (क्याप. 599J) अन्तर्गत सरकारले आज (जनवरी 26) बेलुकीको 7 बजेबाट प्रभावकारी हुने गरी “प्रतिबन्ध-परीक्षण घोषणा” (घोषणा) लागू गर्ने अधिकार राखेको छ, जसअन्तर्गत व्यक्तिहरु (यस पछि “अनिवार्य  परीक्षणको अधीनमा रहेका व्यक्तिहरु” भनेर सम्बोधन गरिने) Yau Ma Tei अन्तर्गत निर्दिष्ट ‘प्रतिबन्धित क्षेत्र’ (ती: 9-27 Pitt Street र 3 Tung On Street, Annex मा हेर्नुहोस्) उनीहरुको परिसरमा रहनु आवश्यक छ र सरकारद्वारा व्यवस्था गरिएको अनिवार्य परीक्षण गर्नुपर्दछ । जबसम्म सो क्षेत्रमा पहिचान भएका सबै व्यक्तिहरुले परीक्षण नगरेसम्म र परीक्षणको नतिजा निश्चित नभएसम्म अनिवार्य परीक्षणको अधीनमा पर्ने व्यक्तिहरु आफ्नै परिसरमा बस्नु पर्दछ । जिल्लामा शून्य केसहरु हासिल गर्ने कडा प्रयासको साथ सरकारले सो कार्यलाई भोलि बिहान 6 बजे (जनवरी 27) भित्र सम्पन्न गर्ने लक्ष्य राखेको छ ।

एक सरकारी प्रवक्ताले भने, "क्याप 599J अन्तर्गत, सरकारले सङ्क्रमण नियन्त्रणको आवश्यकता अनुसार प्रतिबन्ध-परीक्षण घोषणा जारी गर्न सक्दछ ।“

“सरकारले 15-27 Pitt Street र 3 Tung On Street को सन्दर्भमा अनिवार्य परीक्षण सूचना जारी गरिसकेको छ । यद्यपि, यस क्षेत्रमा महामारीको प्रकोप गम्भीर बनेको छ । जनवरी 11देखि 25, 2021 बाट, माथि उल्लेखित क्षेत्रको तीन भवनहरुबाट 40 भन्दा बढी केसहरु पुष्टि भएको रेकर्ड छ । पछिल्लो समयमा स्वास्थ्य संरक्षण केन्द्र (द सेन्टर फर हेल्थ प्रोटेक्सन) ले ‘प्रतिबन्धित क्षेत्र’ को Pitt Street मा बसोबास गर्ने केही बासिन्दाहरुलाई क्वारेन्टाइन सेन्टरमा पठाएको छ । बासिन्दाहरु यस अवस्था बारे चिन्तित छन् ।“

“हामी अवगत छौं कि, ‘प्रतिबन्धित क्षेत्र’ का भवनहरु तुलनात्मक रुपमा पुराना र मर्मतसम्भारको कमी भएको र धेरै ‘थ्री-निल बिल्डिंगहरु’ (रियल स्टेट एजेन्सीको संलग्नता नभएको) छन् । उप-विभाजित कोठाहरु हुनु सामान्य हुन् र त्यसैले समुदायमा संक्रमणको जोखिम धेरै उच्च छ । सम्बन्धित भवनहरुको ढलबाट लिएको फोहोरमैलाको नमूना परीक्षण पनि पोजेटिभ देखियो, जसकारण संक्रमणको जोखिमलाई संकेत गरेको छ । जोखिम मूल्यांकन गरेपछि, जिल्लामा संक्रमणको लहरलाई तोड्न र त्यहाँका बासिन्दाहरुको चिन्ता हटाउनको निम्ति ‘प्रतिबन्धित क्षेत्र’मा प्रतिबन्ध -परीक्षण घोषणा जारी गर्न आवश्यक छ भन्ने हामीलाई लागेको छ । “

सरकारले “प्रतिबन्धित क्षेत्र” मा अस्थायी रुपमा नमूना संकलन स्टेशनहरु स्थापित गर्नेछ र अनिवार्य परीक्षणको अधीनमा पर्ने व्यक्तिहरुलाई आजको मध्यरात अघि परीक्षण गर्न अनुरोध गर्नेछ

। अनिवार्य परीक्षणको अधीनमा पर्ने व्यक्तिहरुलाई नमूना संकलन स्टेशनहरुमा न्यूक्लिक एसिड परीक्षण गराउने व्यवस्था गर्नेछ, जहाँ समर्पित कर्मचारीले नाक र घाँटीको स्वाब एकै चोटि निकाली नमूना संकलन गर्नेछ । अनिवार्य परीक्षणको अधीनमा पर्ने व्यक्तिहरु क्रस-ईन्फेक्शनको जोखिमबाट बच्न सबै जाँचको परिणामहरु नआएसम्म आफ्नै निवासमा बस्नु पर्दछ । सरकारले वृद्धवृद्धाहरु र हिँडडुल गर्न असक्त मानिने व्यक्तिहरुका लागि घर-घरबाट नमूना संकलन गर्ने व्यवस्था मिलाउनेछ, वा उनीहरुलाई घाँटी भित्रको थुक वा खकारको नमूना स्वयं संकलन गरी बुझाउने व्यवस्था गर्नेछ ।

"यो अभ्यासले सर्वसाधारणहरु असहज हुनेछन् भनी हामीले बुझेका छौं । सरकारले 'प्रतिबन्धित क्षेत्र' मा बस्ने सम्पूर्ण व्यक्तिहरुलाई राति प्रायः जसो मानिसहरु कामबाट फर्की सकेपछि छिटो भन्दा छिटो परीक्षण गराउने बन्दोबस्त गरेको छ । अनिवार्य परीक्षणको अधीनमा पहिचान गरेका सबै व्यक्तिहरुलाई पूर्ण रुपमा जाँच गराउन, र बासिन्दाहरुलाई बिहानको 6 बजे भित्र आफ्नो कार्यमा जानु अघि भोलि बिहानको लगभग 6 बजे भित्र सो अभ्यास सम्पन्न गर्ने लक्ष्य राखेको छ । यो सूचना आधिकारिक रुपमा समाप्त भएसंगै सरकारले सार्वजनिक घोषणा गर्नेछ । यदि कर्मचारीहरु सूचनाको कारण कार्यस्थलमा जान सक्दैनन् भने, सरकारले आशा गर्दछ कि उनीहरुको रोजगारदाताले आफ्नो विवेक प्रयोग गरी कामदारको तलब वा सुविधाहरु कटौती गर्ने छैनन् ।“

"पछिल्लो हप्तामा, जोर्डनको निर्धारित ‘प्रतिबन्धित क्षेत्रमा 7000 भन्दा धेरै मानिसहरुले परीक्षण गराए । सरकार उनीहरुको सहकार्यको लागि धन्यवाद दिन चाहन्छ । यद्यपी, हामीले याउ मा तेई जिल्लामा फैलिनबाट रोक्न, संक्रमणको जोखिम उच्च भएको जिल्लाका अन्य स्थानहरुको लागि नयाँ घोषणा गर्न आवश्यक छ भनी बुझेका छौं । कुनै व्यक्तिले सूचना लागू हुनु अघि परीक्षण गरिसकेको, अनिवार्य परीक्षण सूचना अन्तर्गत परीक्षण गरेको, भएतापनि पुन:परीक्षण गर्नु पर्ने हुन्छ ।“

“प्रतिबन्धित क्षेत्र” भित्र सार्वजनिक र आपतकालिन सेवाहरु कायम राख्न, सरकार र प्रासंगिक कार्यरत कर्मचारीहरुलाई (जस्तै: स्वास्थ्यकर्मीहरु र अन्य अधिकारीहरु, सरकारद्वारा संलग्न परीक्षण गर्ने सेवा प्रदायकहरु, सरसफाई गर्ने सेवा प्रदायकहरु आदि) व्यक्तिको विवरण र सम्पर्क नं उपलब्ध गरेको खण्डमा साथै निश्चित संक्रमण नियन्त्रण निर्देशनहरु (परीक्षणको परिणाम कुर्नु पर्ने आवश्यकता बिना "प्रतिबन्धित क्षेत्र" छोड्न अग्रिम परीक्षण गर्नु पर्ने)पालना गरेमा ‘प्रतिबन्धित क्षेत्र’मा आउनु जान अनुमति हुन्छ ।

सरकारले प्रतिबन्धित घोषणा लागू गरेका बासिन्दाहरुका लागि साधारण खाद्य सामग्री र आधारभूत सफाई उपकरणहरु तयार पारेको छ । गृह मामिला विभागले (Tel: 2572 8427)

हटलाइन र अल्पसंख्यक जातीयहरुको लागि समर्पित हटलाइन ( 3755 6816) संञ्चालन गरेको छ । प्रतिबन्धित घोषणा लागू गरिएका बासिन्दाहरुलाई सोधपुछ गर्न र सहायता माग्न आज राति 7 बजे बाट हटलाइन सेवाहरु सञ्चालन हुनेछ । समाज कल्याण विभागले पनि प्रभावित व्यक्तिहरुलाई सहायता प्रदान गर्नेछ ।

सरकारले हालका दिनहरुमा वृद्धि भएका केसहरुका कारण जिल्लाका बासिन्दाहरु चिन्तित र आत्तिएका छन् भनी बुझेको छ । महामारीको कारण, यस क्षेत्रका व्यवसायमा ठूलो क्षति भएको र व्यवसाय ठप्प भएको छ । बासिन्दाहरुको जनजीवनलाई पनि ठूलो असर पारेको छ । सरकारलाई आशा छ कि यो अस्थायी असुविधाले स्थानीय प्रसारणको लहरलाई पूर्ण रुपले रोक्नेछ र बासिन्दाहरुको चिन्ता र डरलाई कम गरी, उनीहरुले सामाजिक तथा व्यवसायिक गतिविधिहरु पुन: सुचार गर्ने विश्वास पुन: प्राप्त गर्नेछन् र जन जीवन फेरि सामान्य हुनेछ ।

सरकारले अनिवार्य परीक्षणको अधीनमा पर्ने व्यक्तिहरुलाई दर्ता गरी परीक्षण गर्नमा पूर्ण सहयोग पुर्याउन, र धैर्यतापूर्वक घरमै बसी परिणाम पर्खिन आह्वान गर्दछ । कुनै व्यक्तिले प्रतिबन्ध-प्रशिक्षण घोषणालाई उल्लंघन गरेमा यो अपराध ठहरिनेछ र लेभल 4 ($25,000) को अधिकतम जरिवाना र छ महिना जेल सजाय हुन सक्नेछ ।

समाप्त/मंगलबार, जनवरी 26, 2021

हङकङ समय 21:44 मा जारी